विधेयक संख्याः

# सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८३

## सङ्घीय संसद् सचिवालय

सिंहदरबार, काठमाडौं।

## उद्देश्य र कारण

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यहरू अन्तरगत खाद्य सम्बन्धी हक, उपभोक्ताको हक, स्वास्थ्य सम्बन्धी हक, स्वच्छ वातावरणको हक र सम्पत्तिको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा सहकार्यमा पशु तथा माछाका सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलन गरी पशु स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरण स्वास्थ्य संरक्षण गर्न, महामारीबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न र पशु तथा पशुजन्य पदार्थको व्यापार प्रवर्द्धन गर्न नेपालको संविधानको अनुसूची ५ मा व्यवस्था भएको संघको एकल अधिकारको सूचीको क्वारेन्टाइन र सरुवा रोग नियन्त्रण, अनुसूची ७ मा व्यवस्था भएको संघ र प्रदेशको साझा अधिकार सूचीको पशु चिकित्सा र अनुसूची ९ मा व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको कृषि सम्बन्धी विषय अन्तरगत पशु सङ्क्रामक रोग नियन्त्रण सम्बन्धी विषयमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८३ तर्जुमा गर्नु परेको हो।

मा. गिता चौधरी
मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।

## संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा सम्बन्धी सैद्धान्तिक अवधारणा पत्र

### १. नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः

### (१) संवैधानिक कारणः

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्यहरू अन्तर्गत खाद्य सम्बन्धी हक, उपभोक्ताको हक, स्वास्थ्य सम्बन्धी हक, स्वच्छ वातावरणको हक र नागरिकका कर्तव्य सम्बन्धी संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश एवं स्थानीय तहको समन्वय र सहकार्यमा पशुपन्छी तथा माछाका संक्रामक रोगहरूको रोकथाम, नियन्त्रण, निवारण, उन्मूलन गरी पशु स्वास्थ्य, जनस्वास्थ्य तथा वातावरण स्वास्थ्य प्रवर्द्धन गर्न, महामारीबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न र पशु तथा पशुजन्य पदार्थको व्यापार प्रवर्द्धन गर्ने दायित्व रहेको।

नेपालको संविधानको अनुसूची ५ मा उल्लिखित संघको अधिकारको सूचीमा अन्तर्राष्ट्रिय व्यापार, क्वारेन्टाइन र सरुवा रोग नियन्त्रण, अनुसूची ७ मा उल्लिखित संघ र प्रदेशको साझा अधिकार सूचीमा पशु चिकित्सा, आवश्यक वस्तु तथा सेवाको आपूर्ति र अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीको कृषि सम्बन्धी विषय अन्तर्गत पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रण सम्बन्धी विषयमा कानूनी व्यवस्था गर्न आवश्यक भएको।

### (२) अन्तर्राष्ट्रिय दायित्वः

विश्व व्यापार संगठन (WTO) को सदस्य राष्ट्रको हैसियतले कृषि र स्यानिटरी एण्ड फाइटोस्यानिटरी सम्बन्धी समझदारीपत्र (Agreement on Agriculture; Agreement on Sanitary and Phytosanitary Measures-SPS Measures), विश्व स्वास्थ्य संगठनको सदस्य राष्ट्रको हैसियतले International Health Regulation (IHR) बमोजिम सबै तहमा क्षमता विकास र विश्व पशु स्वास्थ्य संगठनको सदस्य राष्ट्रको हैसियतले सो संगठनले जारी गरेका Terrestrial and Aquatic Animal Health Code सम्बन्धी विषयहरू अवलम्बन गर्नु पर्ने बाध्यात्मक अन्तर्राष्ट्रिय दायित्व बहन गर्न कानूनी व्यवस्था हुन आवश्यक छ। अन्तर्राष्ट्रियस्तरमा पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामाग्रीको व्यापार गर्ने WTO सम्झौता बमोजिम गुणस्तरीय पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामाग्री उत्पादन गर्नु पर्ने र यस्ता वस्तुको व्यापारमा पशुपन्छी तथा माछाका संक्रामक रोग प्रमुख चुनौतीको रूपमा रहेको हुँदा संक्रामक पशु रोग नियन्त्रण गरी स्वच्छ एवं स्वस्थ पशु तथा पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय व्यापार सुनिश्चित गर्न कानूनी व्यवस्था आवश्यक भएको। नेपालबाट पशुजन्य उत्पादन (पस्मिना, छुर्पी, घ्यू, चिज, छाला लगायतका वस्तुहरू) को अन्तर्राष्ट्रिय व्यापार हुने गरेको सन्दर्भमा पशुपन्छीजन्य वस्तुको व्यापारका क्रममा जारी गरिएका स्वच्छता एवं स्वस्थता सम्बन्धी प्रमाणपत्रहरूको विश्वसनीयता कायम राख्न समेत पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रण सम्बन्धी कानूनी व्यवस्था आवश्यक रहेको छ।

### (३) अन्य कारणः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची २ को क्रम संख्या ६ अन्तर्गत समावेश भएका कार्यहरू मध्ये उपक्रम संख्या १० मा कृषि मत्स्य तथा पशुपन्छीजन्य महामारी रोग नियन्त्रण उल्लेख भएकोले संक्रामक पशु रोगका महामारी नियन्त्रण गर्न कानून आवश्यक भएको हो। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ को नेपाल सरकारले स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार पशुपन्छीको महामारी नियन्त्रणलाई संघको अधिकार सूचीमा समावेश गरिएको छ।

नेपालमा पन्छीमा देखा परेको बर्ड फ्लु रोग मानिसमा समेत देखा परिसकेको, कुकुरको टोकाइबाट रेबिज रोग सरी मानिसको मृत्यु हुने गरेको, खोरेत, पिपिआर, क्लासिकल स्वाइन फिबर आदि जस्ता रोगका कारण वर्षेनी हजारौंको संख्यामा पशु संक्रमित हुने र उत्पादन तथा उत्पादकत्वमा कमी आउने कारण कृषकको ठूलो आर्थिक क्षति हुने गरेको छ। नेपालमा गरिएका विभिन्न अध्ययन अनुसार खुरफट्टा पशुमा लाग्ने खोरेत रोगबाट मात्र बार्षिक करिव

७ अर्ब, विभिन्न परजीवीबाट हुने रोगका कारण करिव ८ अर्ब र रेबिज, क्षयरोग, पन्छीमा देखिएको बर्ड फ्लु जस्ता संक्रामक रोगका कारण जनस्वास्थ्यमा समेत नकारात्मक असर परेको छ।

विश्वव्यापी रुपमा मानव चुनौतीको रुपमा फैलिएका विभिन्न महामारीहरू (बर्ड फ्लु, स्वाइन फ्लु, इबोला, सर्स कोरोना, मर्स कोरोना, कोभिड १९ आदि) को अध्ययन गर्दा नयाँ तथा पुनः देखा परेका (Emerging and Re-emerging disease) मध्ये सत्तरी प्रतिशत भन्दा बढी महामारी पशुपन्छीमा उत्पन्न भइ मानिसमा सरेको पाइन्छ। यस्ता महामारीजन्य संक्रामक रोगलाई पशुपन्छी स्रोतमै नियन्त्रण गरिएमा मानव जीवन माथिको चुनौतीलाई सम्बोधन गर्न पनि लागत प्रभावी हुन्छ। अन्य स्वास्थ्य चुनौतीहरूमा अपराधिक मानसिकता भएका व्यक्तिहरूले संक्रामक किटाणुलाई जैविक हतियार (Bioterrorism) को रुपमा समेत प्रयोग गर्न सक्ने थप चुनौती देखिन्छ। यस्ता संभावित महामारी नियन्त्रण गर्न स्पष्ट कानूनी व्यवस्था नभएमा रोग नियन्त्रणमा कठिनाइ हुन्छ।

नेपालमा बर्ड फ्लु रोग नियन्त्रण गर्न स्पष्ट कानूनी व्यवस्था नहुँदा दैवी प्रकोप उद्धार ऐन अनुसार नेपाल सरकारले बर्ड फ्लु रोग नियन्त्रण आदेश जारी गरी रोग नियन्त्रण कार्य सञ्चालन गर्दै आएको छ। छिमेकी मुलुकहरूबाट आर्थिक तथा जनस्वास्थ्यका क्षेत्रमा गम्भीर प्रभाव पार्ने पशुपन्छीमा लाग्ने अफ्रिकन स्वाइन फिभर, लम्पी स्किन, ग्ल्यान्डर्स, अफ्रिकन हर्स सिक्नेस, निपह आदि जस्ता संक्रामक रोगहरूको चुनौती थपिएको तर विद्यमान कानूनी व्यवस्थामा यस्ता रोगहरूको चुनौती सम्बोधन सम्बन्धी व्यवस्था गरिएको छैन। बर्ड फ्लु रोग नियन्त्रण आदेश जस्तै प्रत्येक रोगका लागि फरक कानून तर्जुमा गर्नु भन्दा एकीकृत रुपमा पशुपन्छी तथा माछाका सबै प्रकारका महामारी रोग नियन्त्रण सम्बन्धी कानुन तर्जुमा गरिएमा कार्यान्वयन पक्ष सहज र प्रभावकारी हुने देखिन्छ।

## २. नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः

- पशुपन्छी तथा माछाका संक्रामक रोगहरूको प्रभावकारी नियन्त्रण भई उत्पादन तथा उत्पादकत्व वृद्धिमा सकारात्मक प्रभाव पर्ने।
- पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रण गरी जनस्वास्थ्यमा प्रवर्द्धन हुने।
- नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताको दायित्व बहन गर्न सबल हुने।
- नेपालबाट हुने पशु तथा पशुजन्य पदार्थको व्यापार प्रवर्द्धन हुने।
- खाद्य तथा पोषण सुरक्षा र राष्ट्रिय अर्थतन्त्रमा टेवा पुग्ने।

## ३. प्रस्तावित विषयमा मौजुदा कानुन भएः

प्रचलित कानुनहरू मध्ये निम्नानुसारका कानुनमा पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रण सम्बन्धमा सीमित कानुनी व्यवस्था गरिएको छः

(१) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सोको नियमावली, २०५६

(२) पशु बधशाला तथा मासु जाँच ऐन, २०५४ र सोको नियमावली, २०५७

(३) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(५) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५

(६) नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५

(७) बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४

संक्रामक रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा विश्व पशु स्वास्थ्य संगठन र विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका विधिहरूको पालना हुने गरी संक्रामक रोगहरू विरुद्ध काम कर्तव्य र अधिकार सहित अन्तर्राष्ट्रिय एवं

वैज्ञानिक मापदण्ड अनुसार तीनवटै तहका सरकारहरूबाट आवश्यक कार्य गर्न विद्यमान कानूनी व्यवस्था पर्याप्त नभएकोले नयाँ कानुन तर्जुमा गर्नु पर्ने देखिन्छ। प्रस्तावित विधेयकमा संघ, प्रदेश र स्थानीय तहको अधिकार तथा जिम्मेवारी स्पष्ट रुपमा बाँडफाँड सहितको व्यवस्था प्रस्ताव गरिने।

### ४. मौजुदा कानुन संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सोको कारणः

मौजुदा कानुन मध्ये पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा प्रमुखतः पशु क्वारेन्टाइन, जैविक पदार्थ, चल्ला, माछाका भुरा उत्पादन गर्ने ह्याचरी वा पशु दाना वा मासु प्रशोधन सम्बन्धी उद्योग स्थापनाका लागि सिफारिस, जैविक पदार्थ, चल्ला, माछाका भुरा बिक्री वितरणका लागि अनुमतिपत्र लगायतका विषयहरू समावेश भएको र सोमा पशुपन्छी तथा माछाका रोग नियन्त्रण सम्बन्धमा सीमित प्रावधान मात्र रहेका छन्। उक्त ऐनले पशुपन्छी तथा माछाका संक्रामक रोगहरू तथा महामारी नियन्त्रणको विषयलाई सम्बोधन नगरेको हुँदा मौजुदा कानुनमा गरिने सीमित संशोधनबाट अन्तर्राष्ट्रिय एवं वैज्ञानिक मान्यता र मापदण्ड बमोजिमको विषयगत समग्रता तथा विशिष्टतालाई समेट्न सम्भव नहुने देखिन्छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा पशु तथा चराचुरुङ्गीमा हुने फ्लुलाई गैर प्राकृतिक विपद्को रुपमा परिभाषित गरिएको भए तापनि यसबाहेक पशुपन्छीका अन्य कुनै संक्रामक रोगलाई विपद्को रुपमा परिभाषित गरिएको छैन। यसर्थ संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ मा रहेका संक्रामक रोग नियन्त्रण सम्बन्धी सीमित व्यवस्था खारेज र बचाउका लागि संशोधन प्रस्ताव समावेश गरी संक्रामक रोग नियन्त्रणका विधेयक तर्जुमा गरिनेछ।

### ५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको होः

नेपाल सरकारले अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा राष्ट्रिय आवश्यकता अनुसार पशुपन्छी तथा मत्स्य क्षेत्रसँग सम्बन्धित विभिन्न नीतिहरू जारी गरेको छ। यस अनुसार कृषि विकास रणनीति, एक स्वास्थ्य रणनीति, स्वास्थ्य नीति, राष्ट्रिय खाद्य स्वच्छता नीति, जैविक प्रविधि नीति लगायतमा समेत पशुपन्छीका रोग नियन्त्रण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि तथा जनस्वास्थ्य प्रवर्द्धन गर्ने नीति लिएको छ। पन्ध्रौं योजनाको पशुपन्छी क्षेत्रमा तोकिएका उद्देश्य र लक्ष्य हासिल गर्न पशुपन्छी पालन सम्बन्धी विद्यमान नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्ने क्रममा यो विधेयक तर्जुमाको प्रस्ताव गरिएको छ।

### ६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः

यो कानुन निर्माण गर्दा संघ, प्रदेश एवं स्थानीय तहमा कार्यरत सरकारी तथा गैरसरकारी निकायका विज्ञ तथा सरोकारवालाहरू सँगको राय सुझावको आधारमा कानुनको मस्यौदा तर्जुमा गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (पशुपन्छी विकास तर्फ), सहसचिवहरू, पशु सेवा विभागका महानिर्देशक, मन्त्रालयका कानुन शाखाका उपसचिव लगायतको संलग्नता रहनेछ।

### ७. प्रस्तुत विषयमा अन्य मुलुकमा बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानुन बनाएको भए त्यस्तो मुलुक वा कानुनको नामः

पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रणका लागि सार्क क्षेत्रका लगायत अन्य देशहरूले आवश्यकता अनुसार कानुन बनाएको देखिन्छ। संक्रामक रोग नियन्त्रणका सम्बन्धी विभिन्न मुलुकमा विद्यमान कानुनहरू मध्ये केही निम्नानुसार रहेका छन्-

| सि.न. | कानुनको नाम | मुलुक |
|---|---|---|
| १ | The Prevention and Control of Infectious and Contagious Diseases in Animals Act, 2009 | भारत |
| २ | Animal Diseases Act | श्रीलंका |
| ३ | Act on Domestic Animal Infectious Diseases Control | जापान |

| सि.न. | कानुनको नाम | मुलुक |
|---|---|---|
| ४ | Act on the Prevention of Contagious Animal Diseases | दक्षिण कोरिया |
| ५ | Decree on the prevention and control of Animal Diseases | भियतनाम |
| ६ | Prevention and Control of Infectious Diseases Act 1988 | मलेसिया |
| ७ | Laws of Brunei: Infectious Diseases | ब्रुनाई |
| ८ | Laws of Kenya: Animal Diseases Act | केन्या |
| ९ | Animal Diseases Act, 1984 | साउथ अफ्रिका |
| १० | Animal Diseases Act, 2003 | तान्जानिया |
| ११ | The Animal (Diseases and Importation) Act | जमैका |
| १२ | Animal (Diseases and Importation) Act | ट्रिनाड एण्ड टोबेको |
| १३ | Animal Diseases Act, 2013 | फिनल्याण्ड |
| १४ | Animal Contagious Diseases Act | वहमास |

यस सम्बन्धमा अन्तर्राष्ट्रिय संगठनहरूबाट समेत केही व्यवस्था गरिएको छः-

- विश्व पशु स्वास्थ्य संगठनले यससँग सम्बन्धित विषयमा Terrestrial Animal Health Code, Aquatic Animal Health Code लगायतका मापदण्डहरू जारी गरेको छ।

  https://www.oie.int/standard-setting/terrestrial-code/

  https://www.oie.int/standard-setting/aquatic-code/

- विश्व स्वास्थ्य संगठनले यससँग सम्बन्धित विषय समेत समावेश भएको International Health Regulation, 2005 जारी गरेको छ।

  https://www.who.int/publications/i/item/9789241580496

**८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानुन सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः**

नेपाल पशु चिकित्सा परिषद्ले प्रभावकारी रूपमा संक्रामक तथा महामारी रोग नियन्त्रणका लागि मौजुदा कानुनी व्यवस्था अपर्याप्त भएकाले संक्रामक पशु रोग नियन्त्रणका लागि कानुनी व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिएको छ।

**९. प्रस्तावित कानुन कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः**

तीनवटै तहमा रहेको हालको मौजुदा संगठन संरचनाबाट कार्यान्वयन गर्न सकिने भएकाले थप आर्थिक व्ययभार नपर्ने देखिन्छ।

**१०. प्रस्तावित कानुन कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्नेः**

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको स्वीकृत संगठन संरचना र स्वीकृत जनशक्तिले प्रस्तावित कानुनको कार्यान्वयन गर्न सक्ने भएकाले थप संरचना तथा जनशक्तिको आवश्यकता नपर्ने देखिन्छ।

**११. प्रस्तावित कानुन निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति भएकोः**

प्रस्तावित कानुन तर्जुमा गर्दा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको सहमति आवश्यक पर्ने।

**१२. प्रस्तावित संक्रामक पशु रोग नियन्त्रण ऐन सम्बन्धी विधेयकमा समावेश हुने विषयहरूः**

- प्रस्तावना
- प्रारम्भिक
- संक्षिप्त नाम र प्रारम्भ
- परिभाषा
- संक्रामक पशु रोग नियन्त्रण समिति सम्बन्धी व्यवस्था
- तीनवटै तहमा कार्य गर्न भेटेरिनरी अधिकृत तथा भेटेरिनरी रेपिड रेस्पोन्स सम्बन्धी व्यवस्था
- संक्रामक पशु रोगको जानकारी एवं रोकथाम तथा नियन्त्रणको पूर्व तयारी सम्बन्धी व्यवस्था
- संक्रमित क्षेत्र तथा निगरानी क्षेत्रको घोषणा र फुकुवा गर्ने सम्बन्धी व्यवस्था
- संक्रामक रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था
- रोग नियन्त्रण गर्न ओसारपसारमा प्रतिबन्ध तथा चरनक्षेत्रमा प्रवेश रोक्ने सम्बन्धी व्यवस्था
- राहत तथा संक्रामक पशु रोग नियन्त्रण कोष तथा सोको सञ्चालन सम्बन्धी व्यवस्था
- करुणामृत्यु सम्बन्धी व्यवस्था
- जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी व्यवस्था
- संघ, प्रदेश र स्थानीय तहको काम, कर्तव्य र अधिकार
- रोग सर्भिलेन्स, अनुगमन तथा नियन्त्रणमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य
- अनुसन्धान, कसुर र सजाय
- ऐन कार्यान्वयन सम्बन्धी विशेषाधिकार
- विविध

डा. गोविन्द प्रसाद शर्मा
सचिव
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।

**विषयः संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने सम्बन्धमा।**
**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७८/७/३०**

## १. विषयको संक्षिप्त व्यहोराः

नेपाल सन् १९९८ देखि विश्व पशु स्वास्थ्य संगठनको स्थायी सदस्य रहिआएको छ। विश्व पशु स्वास्थ्य संगठनले जारी गरेका पशुपन्छी तथा माछाका संक्रामक रोग नियन्त्रण तथा सो को प्रमाणीकरण सम्बन्धी मापदण्डलाई आधार मानी विश्वभरका मुलुकहरूमा भेटेरिनरी सेवा प्रवाह तथा पशु तथा पशुजन्य पदार्थको अन्तर्राष्ट्रिय व्यापार सञ्चालन हुने गरेको छ। विश्व व्यापार संगठनले समेत यिनै मापदण्डका आधारमा पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय व्यापारमा सहजीकरण गर्ने गरेको छ।

नेपालमा विगतमा पशुपन्छीका विभिन्न रोगले प्रकोपको रूप लिंदा कृषकहरूको ठूलो आर्थिक क्षति हुने गरेको छ। यसका साथै पशुपन्छी तथा माछामा उत्पन्न हुने विभिन्न रोगहरू मानिसमा समेत सरी जनधनको क्षति समेत हुने गरेको छ। स्पष्ट कानूनी व्यवस्था नहुँदा समयमा नै रोग नियन्त्रण सम्बन्धी कार्य सञ्चालनमा कठिनाइ हुँदा खोरेत, पिपिआर, क्लासिकल स्वाइन फिबर, रानिखेत आदि जस्ता रोगका कारण वर्षेनी हजारौंको संख्यामा पशुपन्छी संक्रमित हुने र उत्पादन तथा उत्पादकत्वमा कमी आउने गरेको छ। रेबिज, क्षयरोग, पन्छीमा देखिएको बर्ड फ्लु जस्ता संक्रामक रोगका कारण जनस्वास्थ्यमा समेत नकारात्मक असर परेको छ।

विश्वव्यापी रुपमा फैलिएका विभिन्न महामारीहरू (बर्ड फ्लु, स्वाइन फ्लु, इबोला, सर्स कोरोना, मर्स कोरोना, कोभिड १९ आदि) पशुपन्छीमा उत्पन्न भई मानिसमा सरेको पाइन्छ। यस्ता महामारी संक्रामक रोगलाई पशुपन्छी स्रोतमै नियन्त्रण गरिएमा मानव जीवन माथिको चुनौतीलाई सम्बोधन गर्न पनि लागत प्रभावी हुन्छ। यस्ता संभावित महामारी नियन्त्रण गर्न स्पष्ट कानूनी व्यवस्था नभएमा रोग नियन्त्रणमा कठिनाइ हुने हुँदा संघीय संरचनामा तीनवटै तहका सरकारको भूमिका प्रष्टहुने गरी पशुपन्छीका संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी विधेयक तर्जुमा गर्न आवश्यक भएको।

## २. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः

प्रकरण १ मा उल्लिखित विषयमा संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमाको लागि तयार गरिएको सैद्धान्तिक अवधारणापत्रमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. ५३६, मिति २०७७/१२/३० को पत्रबाट उक्त विधेयकको मस्यौदा तर्जुमाको प्रक्रिया अघि बढाउन सहमति प्राप्त भएको।

## ३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिशः

संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न माननीय मन्त्रीज्यूबाट मिति २०७८/७/३० मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

## ४. निर्णय हुनु पर्ने व्यहोराः

यसै साथ संलग्न अवधारणा पत्र बमोजिम संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

मिति २०७८/७/३०

डा. गोविन्द प्रसाद शर्मा
सचिव
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।

**श्री सचिव,**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय।**

संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने विषयको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको दर्ता नं. ६/२०-०७८/८/१ को प्रस्ताव म.प.बै.सं. ५४/०७८ मिति २०७८/८/२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु -

**नेपाल सरकारको निर्णय -**

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव
२०७८/८/२

## आर्थिक टिप्पणी

पशुमा देखा पर्ने आर्थिक तथा जनस्वास्थ्यका दृष्टिले महत्वपूर्ण विभिन्न सङ्क्रामक रोगहरूका कारण कृषकहरूले ठूलो आर्थिक क्षति व्यहोर्नुका साथै पशुबाट मानिसमा सर्ने जुनोटिक रोगका कारण जनस्वास्थमा समेत गम्भीर असर पुग्ने गरेको छ। नेपालमा गरिएका विभिन्न अध्ययन अनुसार पशुमा लाग्ने खोरेत, लम्पी स्किन जस्ता रोगबाट मात्र वार्षिक अरवौंको क्षति हुने गरेको र रेबिज, क्षयरोग, पन्छीमा देखिएको बर्ड फ्लु जस्ता सङ्क्रामक रोगका कारण जनस्वास्थ्यमा समेत नकारात्मक असर परेको छ। प्रस्तुत विधेयकमा पशुमा लाग्ने महामारीजन्य रोग, पशु वा स्थान विशेषमा देखा परिरहने सङ्क्रामक पशु रोगको प्रकोप वा विस्तार हुन नदिन रोगको शीघ्र पहिचान तथा प्रतिकार्य गरी रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन र नयाँ रोग भित्रिन नदिन निगरानी गर्ने व्यवस्था गर्ने विषयहरू समावेश भएको हुँदा तीनै तहका सरकारको समन्वय र सहकार्यबाट उक्त व्यवस्थाको कार्यान्वयन गर्न सकिने, बार्षिक बजेटबाटै सम्बोधन गर्न सकिने भएकोले विधेयकको व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने अवस्था छैन।

मा. गिता चौधरी
मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धि टिप्पणी

| क्र. सं. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ४१ | आधिकार प्राप्त अधिकारीले आफू मातहतका कर्मचारीलाई ऐनले पाएको अधिकार प्रत्यायोजन गरी कार्यसम्पादनलाई सहज वनाउन | ४१. **अधिकार प्रत्यायोजन** : अधिकार प्राप्त अधिकारीले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। | अधिकार प्रत्यायोजनबाट सङ्क्रामक रोग नियन्त्रणको कार्यसम्पादन सहज हुने |
| १ | दफा ४२ | मासु जाँच सम्वन्धी नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन। | ४२. **नियम बनाउने अधिकार** : (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।<br>(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछ :-<br>(क) शङ्कास्पद सङ्क्रामक वस्तुको निरीक्षण तथा नमुना सङ्कलन सम्बन्धी विषय,<br>(ख) पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको क्षेत्रमा रोग नियन्त्रणका लागि गर्नुपर्ने चरणवद्ध क्रियाकलाप सम्बन्धी विषय,<br>(ग) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी विषय,<br>(घ) मृत पशुको पोष्टमार्टम (शव परीक्षण) र शव | यस व्यवस्थाले सङ्क्रामक रोग नियन्त्रणको लागि ऐनले दिएको अधिकारलाई थप प्रष्ट पार्न सहयोग पुग्ने |

| क्र.सं. | दफा/उपदफा/खण्ड | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाईने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | | व्यवस्थापन सम्बन्धी विषय,<br>(ङ) शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट वा लिलाम सम्बन्धी विषय,<br>(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री वा त्यस्तो पदार्थ वा सामाग्री राखिएको स्थान र ढुवानीका साधन निःसङ्क्रमण गर्ने सम्बन्धी विषय, र<br>(छ) सङ्क्रामक पशु रोगको खोप सम्बन्धी विषय। | |
| | दफा ४३ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने अधिकार प्रदान गर्ने | ४३. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने अधिकारः यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ। | सङ्क्रामक रोग सम्बन्धी कार्यहरुको लागि आवश्यक पर्ने निर्देशिका कार्यविधि वा मापदण्ड तयार भई रोग नियन्त्रण कार्यमा टेवा पुग्ने |

मा. गिता चौधरी
मन्त्री
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं।

## सङ्क्रामक पशु रोग नियन्त्रण गर्न बनेको विधेयक, २०८३
### व्याख्यात्मक टिप्पणी

| क्र.स. | दफा र दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | २. परिभाषा | यस दफामा ऐनमा पटक पटक प्रयोग भएका शब्दहरूलाई परिभाषित गरिएको छ। |
| २ | ३.सुचना दिनुपर्ने | यस दफामा नेपालको कुनै पनि स्थानमा संक्रामक रोग देखिएमा वा रोगको शङ्का लागेमा स्थानीय तह, जिल्ला स्थित पशु सेवा बिषय हेर्ने कार्यालय वा पशु सेवासँग सम्बन्धित अन्य सरकारी निकायमा यथाशीघ्र जानकारी गराउनु पर्ने व्यवस्था रहेको छ। |
| ३ | ४. सूचनाको सत्यताको जाँच तथा परीक्षण गर्नुपर्ने | कुनै स्थानमा सङ्क्रामक पशु रोग लागेको सूचना प्राप्त भएमा, सोको जानकारी कुनै माध्यमबाट हुन आएमा वा त्यस्तो रोग लागेको शङ्का भएमा सम्बन्धित स्थानीय तह सूचनाको सत्यतथ्य जाँच तथा परीक्षण गर्नु पर्ने र उक्त कार्यका लागि प्रदेश र संघीय कार्यालयको सहयोग लिन सक्ने व्यवस्था रहेको। |
| ४ | ५. रोग नियन्त्रणको प्रतिकार्य गर्नुपर्ने | जाँच तथा परीक्षणबाट सङ्क्रामक पशु रोग लागेको पाइएमा स्थानीय तहले त्यस्तो रोगको सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि तत्काल आवश्यक प्रतिकार्य गर्नु पर्ने व्यवस्था रहेको। |
| ५ | ६. विभागले नमुना सङ्कलन गरी परीक्षण गर्न, गराउन सक्ने | विभागले सङ्क्रामक पशु रोगको रोकथाम तथा पूर्व सावधानीको लागि सङ्क्रामक पशु रोग फैलिएको वा फैलनसक्ने शङ्का भएको क्षेत्रबाट आवश्यक नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षण गर्न वा गराउन सक्ने व्यवस्था रहेको। |
| ६ | ७. नेपाल सरकारले समन्वय र प्रतिकार्य गर्नसक्ने | अन्तरार्ष्ट्रिय महामारीको रूपमा फैलिएको सङ्क्रामक पशु रोग नेपालमा भित्रिनसक्ने संभावना भएमा र नेपालको कुनै स्थानमा फैलिएको सङ्क्रामक पशु रोग स्थानीय तह वा प्रदेश स्तरबाट भएका नियन्त्रणका प्रयासबाटमात्र तत्काल नियन्त्रणमा आउनसक्ने अवस्था नभएको र त्यस्तो रोगले महामारीको रूप लिई देशभर फैलिनसक्ने र जनधनको गम्भीर क्षति हुनसक्ने अवस्था भएमा नेपाल सरकारले समन्वय र प्रतिकार्य गर्नसक्ने व्यवस्था रहेको। |
| ७ | ८. कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने | मन्त्रालयले नेपालमा सङ्क्रामक पशु रोग फैलिन नदिनको लागि आवश्यक पूर्व सावधानी, त्यस्तो रोग फैलिएको अवस्थामा तत्काल पहिचान तथा नियन्त्रण, प्रतिकार्यको सञ्चालन, त्यस्तो रोगबाट भएको क्षतिमा राहत तथा पुनर्लाभिका विषयसमेत समावेश गरी यस सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजना बनाई लागु गर्नु पर्ने व्यवस्था रहेको। |
| ८ | ९. विवरण पठाउनु पर्ने | स्थानीय तहले प्रत्येक तीन महिनामा तोकिए बमोजिमको ढाँचामा आफ्नो क्षेत्रमा देखा परेका सङ्क्रामक पशु रोगको विवरण प्रदेश मन्त्रालय र विभागमा पठाउनु पर्ने व्यवस्था रहेको। |
| ९ | १०. शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्नुपर्ने | आधिकारीक निकायले आफ्नो क्षेत्रमा सङ्क्रामक पशु रोगको सम्बन्धमा निरन्तर निगरानी गर्नु गराउनु पर्ने र महामारीजन्य सङ्क्रामक पशु रोगको सम्भावित सङ्क्रमणको फैलावट रोक्नको लागि शङ्कास्पद सङ्क्रामक वस्तु, पशु, पशुजन्य |

| क्र.स. | दफा र दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | पदार्थ वा पशु उत्पादन सामग्री अलग्गै राख्नुपर्ने अवस्था भएमा अलग्गै राख्न आदेश दिन सक्ने व्यवस्था रहेको। |
| १० | ११. पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्नसक्ने | स्थानीय तहको कुनै स्थानमा सङ्क्रामक पशु रोग लागेको पुष्टि भएमा त्यस्तो रोगको सर्ने वा फैलने दर, बिमारी हुने तथा मृत्यु हुने दर उच्च रहेको र आर्थिक तथा मानवीय रूपमा गम्भीर क्षति हुने अवस्था समेतलाई विचार गरी प्रचलित कानूनबमोजिम गठित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले त्यस्तो क्षेत्र वा स्थानलाई सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्न सक्ने व्यवस्था रहेको। |
| ११ | १२. सघन निगरानी क्षेत्र घोषणा गर्ने | आधिकारिक निकायले सङ्क्रामक पशु रोग, सङ्क्रमित पशु, पशु जन्य पदार्थ, पशु उत्पादन सामग्री वा शङ्कास्पद सङ्क्रामक वस्तुको नमुना सङ्कलन गरिएको स्थानलाई केन्द्रविन्दु मानी अवधि तोकी सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजना बमोजिम सघन निगरानी क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था गरेको। |
| १२ | १३. महामारी प्रभावित क्षेत्र घोषणा गर्नसक्ने | नेपालको कुनै स्थानमा महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रण बाहिर गई पशु तथा जनधनमा व्यापक क्षति हुने गम्भीर अवस्था परी विपद्को रूप लिनसक्ने अवस्था भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको चार किल्ला खुलाई घोषणा लागु हुने अवधि तोकी सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था रहेको। |
| १३ | १४. प्रतिबन्ध लगाउनसक्ने | कुनै स्थान वा क्षेत्रलाई पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गरेपछि प्रमुख जिल्ला अधिकारीले सङ्क्रामक पशु रोग अन्य क्षेत्रमा फैलन नदिको लागि घोषणा कायम रहेसम्म त्यस्तो क्षेत्रमा सङ्क्रामक रोग लाग्ने वा फैलने गरी पशु पालन गर्न, पशु हाटबजार, पशु प्रदर्शनी, पशु मेला, पशु स्वास्थ्य शिविर सञ्चालन गर्न, सामुदायिक चरन क्षेत्र, पानीको स्रोत वा सार्वजनिक स्थानमा छाड्न, लैजान वा बिक्रिवितरण गर्न वा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसार गर्न नपाउने वा जाँच वा परीक्षण गरी निःसङ्क्रमण गरेपछि मात्रै त्यस्तो वस्तु वा पदार्थ ओसार पसार गर्न पाउने गरी प्रतिबन्ध लगाउन सक्ने व्यवस्था गरिएको। |
| १४ | १५. आदेश जारी गर्नसक्ने | यस ऐनबमोजिम पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको अवस्थामा त्यस्तो रोगको सङ्क्रमण फैलन नदिन तथा रोकथाम गर्नको लागि घोषणाको अवधिमा पालना गर्नु पर्ने विषयहरू र गर्नुपर्ने काम समेतका विषयमा कार्यालयको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले आवश्यक आदेश जारी गर्न सक्ने व्यवस्था रहेको। |
| १५ | १६. पशु रोग नियन्त्रण चेकपोष्ट स्थापना गर्नसक्ने | सङ्क्रामक पशु रोगले महामारी रूप लिनसक्ने अवस्था देखिएमा र त्यसको नियन्त्रणको लागि प्रचलित कानून बमोजिम स्थापना भएका पशु क्वारेन्टिन चेकपोष्ट पर्याप्त नभएमा कार्यालयको सिफारिसमा प्रदेश मन्त्रालयले पशु रोग नियन्त्रण अस्थायी चेकपोष्ट स्थापना गर्न सक्ने व्यवस्था रहेको। |
| १६ | १७. संक्रामक पशु रोग नियन्त्रण | स्थानीय स्तरमा देखा परेको सङ्क्रामक पशु रोग नियन्त्रणको काम सम्बन्धित स्थानीय तहले, प्रदेशस्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रणको काम |

| क्र.स. | दफा र दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | सम्बन्धी कामको जिम्मेवारी | सम्बन्धित प्रदेश सरकारले र अन्तरप्रदेश वा राष्ट्रिय स्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रणको काम विभागले गर्ने व्यवस्था रहेको। |
| १७ | १८. निःसङ्क्रमण वा नष्ट गर्ने | पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तुको जाँचबुझ गर्दा महामारीजन्य सङ्क्रामक पशु रोग लागेको पाइएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु मानवीय तवरले नष्ट गर्न, तह लगाउन वा उपचार गर्न र निःसङ्क्रमण तथा सरसफाइ गरी सुरक्षित रूपमा व्यवस्थापन गर्न लगाउनु पर्ने व्यवस्था रहेको। |
| १८ | १९. नष्ट गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि | यस ऐनबमोजिम मृत पशु व्यवस्थापन वा पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि समितिको सिफारिसमा विभागले निर्धारण गरेबमोजिम हुने व्यवस्था रहेको। |
| १९ | २०. मृत पशु र शङ्कास्पद वस्तुको व्यवस्थापन | महामारीजन्य सङ्क्रामक पशु रोग लागि मरेका मृत पशु वा अन्य शङ्कास्पद सङ्क्रामक वस्तुको व्यवस्थापन सम्बन्धित पशु धनीले स्थानीय तहको समन्वयमा गर्नु पर्ने व्यवस्था रहेको। |
| २० | २१. शव परीक्षण (पोष्टमार्टम) गर्ने | अधिकार प्राप्त अधिकारीले सङ्क्रामक पशु रोगको कारणबाट मरेका पशुको मृत्युको कारण पत्ता लगाउन पोष्टमार्टम गराउन सक्ने व्यवस्था रहेको |
| २१ | २२. खोप सम्बन्धी व्यवस्था | विभागले खोपको असर र प्रभावकारितालाई समेत विचार गरी सङ्क्रामक पशु रोग नियन्त्रणको लागि लगाउन सकिने खोपको सिफारिस गर्ने व्यवस्था रहेको। |
| २२ | २३. रोग मुक्त क्षेत्र घोषणा गर्नसक्ने | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै स्थान, क्षेत्र वा फार्मलाई रोग मुक्त क्षेत्र ( जोन वा कम्पार्टमेन्ट) को रूपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको। |
| २३ | २४. प्रदेश तथा स्थानीय कानूनबमोजिम हुने | प्रदेश सरकार र स्थानीय तहबाट हुने सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्य सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको कानूनबमोजिम हुनेछ। |
| २४ | २५. समन्वय समितिको गठन | सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक पृष्ठपोषण तथा नियन्त्रण कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्न विभागमा एक समन्वय समितिको व्यवस्था रहेको। |
| २५ | २६. समितिको काम, कर्तव्य र अधिकार | समन्वय समितिको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको। |
| २६ | २७. भेटेरिनरी द्रुत प्रतिकार्य (रेपिड रेस्पोन्स) टोलीको व्यवस्था | विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहले सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रणको कार्यमा तत्काल परिचालन हुनसक्ने गरी भेटेरिनरी द्रुत प्रतिकार्य टोलीको व्यवस्था रहेको। |
| २७ | २८. राहत प्रदान गर्नसकिने | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने सिलसिलामा आधिकारिक निकायको आदेश बमोजिम कुनै पशु, शङ्कास्पद |

| क.स. | दफा र दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | | सङ्क्रामक वस्तु वा पशुजन्य पदार्थ नष्ट गरिएकोमा त्यस्तो पशु, वस्तु वा पदार्थको धनीलाई नेपाल सरकारले स्वीकृत गरेको मापदण्डको आधारमा राहत उपलब्ध गराउन सक्ने व्यवस्था रहेको। |
| २८ | २९. प्रोत्साहन सुविधा तथा उपचार | यस ऐनबमोजिम पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको अवस्थामा त्यस्तो रोग नियन्त्रणको कार्यमा त्यस्तो क्षेत्रमा खटाइएका कर्मचारी वा व्यक्तिलाई प्रोत्साहनको लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको सुविधा उपलब्ध गराउन सकिने व्यवस्था रहेको। |
| २९ | ३०. कसुर र सजाय | यस दफामा कसैले यस ऐनमा भएको व्यवस्था बिपरित कार्य गरे/ गराएमा दण्ड सजाय हुने व्यवस्था राखिएकोछ। |
| ३० | ३१. मुद्दाको अनुसन्धान र दायरी | यस ऐनबमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान कार्यालयको अधिकृतस्तरको कर्मचारीले गर्ने र अनुसन्धान र तहकिकातको काम पूरा भएपछि अनुसन्धान अधिकृतले सरकारी वकिलको निर्णयबमोजिम मुद्दा चलाउनुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्ने व्यवस्था रहेको। |
| ३१ | ३२. नेपाल सरकार वादी हुने | यस ऐन अन्तर्गतको मुद्दालाई नेपाल सरकार वादी हुने व्यवस्था गरेको। |
| ३२ | ३३. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन | यस ऐनबमोजिम सजाय हुने मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको। |
| ३३ | ३४. प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा नपर्ने | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा नपर्ने व्यवस्था रहेको। |
| ३४ | ३५. अधिकारप्राप्त अधिकारी | नेपाल सरकारको हकमा विभागको महानिर्देशक, प्रदेश सरकारको हकमा प्रदेश मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा वा महाशाखाको प्रमुखले सङ्क्रामक पशु रोग तथा महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रण तथा निगरानीको लागि अधिकार प्राप्त अधिकारीको रूपमा काम गर्ने व्यवस्था रहेको। |
| ३५ | ३६. कारक तत्त्वको सञ्चिति, प्रयोग र नष्ट | प्रयोगशालाले नमुना परीक्षण गर्दा पहिचान गरेका सङ्क्रामक पशु रोगको कारक तत्त्व विभागले तोकेको मापदण्डबमोजिम सञ्चित गरी राख्नु पर्ने व्यवस्था रहेको। |
| ३६ | ३७. सूचना प्रणालीको विकास गर्ने | विभागले सङ्क्रामक पशु रोगजन्य एकीकृत सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने व्यवस्था रहेको। |
| ३७ | ३८. सचेतनामूल | सङ्क्रामक पशु रोग, त्यस्तो रोगको पहिचान, निदान, उपचार, रोकथाम, नियन्त्रण तथा उन्मुलनको लागि विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहले आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था रहेको। |

| क.स. | दफा र दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | क कार्यक्रम सञ्चालन गर्ने | |
| ३८ | ३९. पीडा रहित मरण (युथेनेशिया) | सङ्क्रामक पशु रोग प्रमाणित भई उपचारविहीन भई पीडादायी अवस्थामा रहेका सङ्क्रमित पशुलाई नष्ट गर्नु पर्ने भएमा दर्तावाल पशु चिकित्सकले पीडारहित मरण (युथेनेशिया) को व्यवस्था गर्न सक्ने व्यवस्था रहेको। |
| ३९ | ४०. पैठारीमा प्रतिबन्ध | मन्त्रालयले सङ्क्रामक पशु रोग प्रमाणित भएका देशबाट पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा रोग सार्न सक्ने अन्य वस्तुको पैठारीमा प्रतिबन्ध लगाउन आवश्यक देखेमा प्रचलित कानूनबमोजिम पैठारीमा प्रतिवन्ध लगाउन सम्बन्धित निकायमा लेखि पठाउन सक्ने व्यवस्था रहेको। |
| ४० | ४१. अधिकार प्रत्यायोजन | अधिकार प्राप्त अधिकारीले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको। |
| ४१ | ४२. नियम बनाउने अधिकार | नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्ने व्यवस्था रहेको |
| ४२ | ४३. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने अधिकार | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको। |
| ४३ | ४४. अनूसूची हेरफेर वा थपघट गर्न सक्ने | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनूसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्ने व्यवस्था रहेको। |
| ४४ | ४५. खारेजी र बचाउ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १५ र दफा २८ खारेज गरिएको। |

# <u>सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना</u>** : पशुमा लाग्ने सङ्क्रामक रोग र महामारीजन्य सङ्क्रामक पशु रोगको पहिचान, प्रतिकार्य, रोकथाम, नियन्त्रण, निवारण र उन्मूलन गरी पशुस्वास्थ्य र पशुजन्य उत्पादनको सुरक्षा गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "सङ्क्रामक पशु रोग (नियन्त्रण) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अधिकार प्राप्त अधिकारी" भन्नाले दफा ३५ बमोजिमको अधिकारी सम्झनुपर्छ।

(ख) "आधिकारिक निकाय" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग, प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहको कार्यपालिका सम्झनुपर्छ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको सम्बन्धित जिल्ला कार्यक्षेत्र रहेको पशु सेवासँग सम्बन्धित कार्यालय सम्झनुपर्छ।

(घ) "रोग नियन्त्रण अधिकारी" भन्नाले कार्यालयको प्रमुख भई काम गर्ने कर्मचारी सम्झनुपर्छ र सो शब्दले स्थानीय तहको पशु सेवा सम्बन्धी शाखा वा महाशाखाको प्रमुख भई काम गर्ने कर्मचारीलाई समेत जनाउँछ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(च) "निगरानी" भन्नाले सङ्क्रामक पशु रोगको नियन्त्रणका लागि योजनाबद्ध रूपमा निरन्तर गरिने तथ्याङ्क तथा नमूना सङ्कलन, परीक्षण, विश्लेषण, सूचनाको आदानप्रदान र रोगको निगरानी (सर्भिलेन्स) सम्बन्धी कार्य सम्झनुपर्छ।

(छ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनुपर्छ र सो शब्दले पन्छी र माछालाई समेत जनाउँछ।

(ज) "पशु उत्पादन सामग्री" भन्नाले जैविक पदार्थ, भेटेरिनरी औषधी, पशु आहारा र तिनका उत्पादन लगायत पशु स्वास्थ्य, पशु प्रजनन् तथा पशु उत्पादनमा प्रयोग हुने सामग्री, मेसिनरी, औजार, यन्त्र वा उपकरण सम्झनुपर्छ।

(झ) "पशु रोग नियन्त्रण चेकपोष्ट" भन्नाले प्रचलित कानूनबमोजिम स्थापित पशु क्वारेन्टाइन चेकपोष्ट सम्झनुपर्छ र सो शब्दले दफा १६ बमोजिम स्थापना गरिएको पशु रोग नियन्त्रण अस्थायी चेकपोष्टलाई समेत जनाउँछ।

(ञ) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, आन्तरिक अङ्ग तथा स्राव, रगत, बोसो, पित्त, दूध, अण्डा, अण्डाको बोक्रा, हाड, छाला, सिङ, खुर, प्वाँख,उन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मूत्र, माछाको कत्ला, माछाको पखेटा वा पशुबाट उत्पादन हुने जुनसुकै प्रकारको वस्तु वा पदार्थ सम्झनुपर्छ।

(ट) “प्रतिकार्य” भन्नाले महामारीको रूपमा फैलिनसक्ने सङ्क्रामक पशु रोगको पहिचान, नियन्त्रण तथा राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यको पूर्वतयारीलाई समेत जनाउँछ।

(ठ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको पशु सेवासँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ।

(ड) "प्रयोगशाला" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले स्थापना गरेको पशुपन्छी रोग परीक्षण वा अन्वेषण सम्बन्धी प्रयोगशाला सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम निजीक्षेत्रबाट स्थापित प्रयोगशालाहरू मध्येबाट मन्त्रालयले तोकेको प्रयोगशालालाई समेत जनाउँछ।

(ढ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनुपर्छ।

(ण) "महामारीजन्य सङ्क्रामक पशु रोग" भन्नाले एक पशुबाट अर्को पशु वा मानिसमा सहजै सङ्क्रमण हुने वा फैलिई महामारीको रूप लिनसक्ने सम्भावना रहेको भनी मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको सङ्क्रामक पशु रोग सम्झनुपर्छ।

(त) "विभाग" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनुपर्छ।

(थ) "शङ्कास्पद सङ्क्रामक वस्तु" भन्नाले सङ्क्रामक पशु रोगको सम्पर्कमा आएका रोग विस्तारको जोखिम वा स्रोत हुनसक्ने पशु, पशुको सिनो, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री वा पशु तथा पशुजन्य पदार्थ ढुवानीको साधन सम्झनुपर्छ।

(द) "सघन निगरानी क्षेत्र" भन्नाले दफा १२ बमोजिम घोषणा गरिएको सङ्क्रामक पशु रोगको सघन निगरानी (सर्भिलेन्स) क्षेत्र सम्झनुपर्छ।

(ध) "सङ्क्रमित क्षेत्र" भन्नाले दफा ११ बमोजिम घोषणा गरिएको सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र सम्झनुपर्छ।

(न) "सङ्क्रामक पशु रोग" भन्नाले विषाणु, जीवाणु, ढुसी, परजीवी, सङ्क्रामक प्रोटिन तत्त्व (प्रायन) वा अन्य सूक्ष्म जीवको सङ्क्रमणबाट पशुमा लाग्ने अनुसूचीबमोजिमका रोग सम्झनुपर्छ।

(प) "समिति" भन्नाले दफा २५ बमोजिमको समन्वय समिति सम्झनुपर्छ।

(फ) "सरोकारवाला" भन्नाले पशुपालन, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न व्यक्ति वा संस्था र पशु रोगको उपचार तथा सोसँग सम्बन्धित सेवा प्रदान गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ र सो शब्दले पशुजन्य पदार्थको उपभोक्तालाई समेत जनाउँछ।

(ब) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

## सङ्क्रामक पशु रोगको सूचना, पहिचान तथा नियन्त्रण सम्बन्धी व्यवस्था

३. **सूचना दिनुपर्ने** : (१) कसैलाई कुनै स्थानमा कुनै पशुलाई सङ्क्रामक पशु रोग लागेको शङ्का भएमा आफूलाई पायक पर्ने स्थानीय तहको कार्यालय, प्रदेश सरकारको पशु सेवा सम्बन्धी कार्यालय वा नेपाल सरकारको पशु स्वास्थ तथा पशु सेवा सम्बन्धी कार्यालयमा लिखित वा मौखिक रूपमा तत्काल सोको सूचना दिनु पर्नेछ।

(२) प्रयोगशालाले कुनै नमुना परीक्षण गर्दा सङ्क्रामक पशु रोग लागेको देखेमा सोको जानकारी विभाग र त्यस्तो नमुना सङ्कलन गरिएको स्थानीय तहको कार्यालयलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिमको सूचना स्थानीय तहको कार्यालय बाहेकको अन्य कार्यालयमा प्राप्त हुन आएमा त्यस्तो कार्यालयको प्रमुखले सोको अभिलेख राखी आवश्यक कारबाहीका लागि छिटो माध्यमबाट सो सूचना सम्बन्धित स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेछ।

(४) यस दफाबमोजिम स्थानीय तहको कार्यालय वा प्रदेश सरकारको पशु सेवा सम्बन्धी कार्यालयमा प्राप्त सूचनाको जानकारी त्यस्ता कार्यालयले तत्काल विभागमा दिनु पर्नेछ।

४. **सूचनाको सत्यताको जाँच तथा परीक्षण गर्नुपर्ने** : (१) दफा ३ बमोजिम आफ्नो क्षेत्रको कुनै स्थानमा सङ्क्रामक पशु रोग लागेको सूचना प्राप्त भएमा, सोको जानकारी कुनै माध्यमबाट हुन आएमा वा त्यस्तो रोग लागेको शङ्का भएमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको प्रमुख वा अध्यक्षले स्थानीय तहको रोग नियन्त्रण अधिकारी सहितका कर्मचारी खटाई त्यस्तो सूचना तथा जानकारीको सत्यताको परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका कर्मचारीले सङ्क्रामक पशु रोग फैलिएको शङ्का भएको स्थान वा क्षेत्रमा स्थलगत निरीक्षण गर्न, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्रीको जाँच गर्न, नमूना सङ्कलन तथा परीक्षण गर्न वा गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सङ्कलन गरिएको नमूनामा सङ्क्रामक पशु रोग भए वा नभएको र भएकोमा त्यस्तो रोगको पहिचान गर्न परीक्षणका लागि प्रयोगशालामा पठाउनु पर्नेछ। त्यस्तो नमुना परीक्षणको लागि स्थानीय तहको कार्यपालिकाले प्रदेश सरकार वा विभागको सहयोग लिन सक्नेछ।

तर दफा ३ को उपदफा (२) वा दफा ६ बमोजिम प्रयोगशालामा नमूना परीक्षणबाट सङ्क्रामक पशु रोग देखिएको भन्ने सूचना प्राप्त भएकोमा पुन: प्रयोगशाला परीक्षण गर्नु आवश्यक पर्नेछैन।

(४) उपदफा (२) वा (३) बमोजिम निरीक्षण, जाँच वा परीक्षण सम्पन्न नभएसम्मको लागि सङ्क्रामक पशु रोग लागेको शङ्का गरिएको स्थान वा क्षेत्रबाट अन्यत्र त्यस्तो रोग फैलन नदिनको लागि आवश्यक सावधानीका उपायहरू अवलम्बन गर्नु, गराउनु पर्नेछ।

५. **रोग नियन्त्रणको प्रतिकार्य गर्नुपर्ने** : (१) दफा ४ बमोजिमको जाँच तथा परीक्षणबाट सङ्क्रामक पशु रोग लागेको पाइएमा स्थानीय तहले त्यस्तो रोगको सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि तत्काल आवश्यक प्रतिकार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिकार्य गर्दा सङ्क्रामक पशु रोगको प्रकृति वा सङ्क्रमणको कारण स्थानीय तहको स्रोत वा साधनबाट तत्काल नियन्त्रण गर्न नसकिने भएमा र तत्काल नियन्त्रण नगरिएमा त्यस्तो रोगको सङ्क्रमणले महामारीको रूप लिनसक्ने संभावना भएमा स्थानीय तहले त्यस्तो रोग नियन्त्रणको लागि कार्यालयको सहयोग माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सहयोग माग गरेको जानकारी विभाग र प्रदेश मन्त्रालयलाई समेत दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा प्रदेश मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी सङ्क्रामक पशु रोगको नियन्त्रणको लागि कार्यालयमार्फत आवश्यक प्रतिकार्य गर्नु पर्नेछ।

६. **विभागले नमुना सङ्कलन गरी परीक्षण गर्न, गराउन सक्ने** : (१) विभागले सङ्क्रामक पशु रोगको रोकथाम तथा पूर्व सावधानीको लागि सङ्क्रामक पशु रोग फैलिएको वा फैलनसक्ने शङ्का भएको क्षेत्रबाट आवश्यक नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको परीक्षणबाट सङ्क्रामक पशु रोग लागेको पुष्टि भएमा सोको नियन्त्रण तथा रोकथामको लागि विभागले सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहको कार्यपालिकालाई जानकारी गराउनु पर्नेछ।

७. **<u>नेपाल सरकारले समन्वय र प्रतिकार्य गर्नसक्ने</u>** : (१) देहायको अवस्थामा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँगको समन्वय र सहकार्यमा सङ्क्रामक पशु रोग नियन्त्रणको लागि आवश्यक प्रतिकार्य गर्न सक्नेछः-

(क) अन्तराष्ट्रिय महामारीको रूपमा फैलिएको सङ्क्रामक पशु रोग नेपालमा भित्रिनसक्ने संभावना भएमा त्यस्तो रोग नेपालमा भित्रिन नदिन वा फैलन नदिई नियन्त्रण कायम राख्न, वा

(ख) नेपालको कुनै स्थानमा फैलिएको सङ्क्रामक पशु रोग स्थानीय तह वा प्रदेश स्तरबाट भएका नियन्त्रणका प्रयासबाटमात्र तत्काल नियन्त्रणमा आउनसक्ने अवस्था नभएको र त्यस्तो रोगले महामारीको रूप लिई देशभर फैलिनसक्ने र जनधनको गम्भीर क्षति हुनसक्ने अवस्था भएमा।

८. **<u>कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने</u>** : (१) मन्त्रालयले नेपालमा सङ्क्रामक पशु रोग फैलिन नदिनको लागि आवश्यक पूर्व सावधानी, त्यस्तो रोग फैलिएको अवस्थामा तत्काल पहिचान तथा नियन्त्रण, प्रतिकार्यको सञ्चालन, त्यस्तो रोगबाट भएको क्षतिमा राहत तथा पुनर्लाभिका विषयसमेत समावेश गरी यससम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजना बनाई लागु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको राष्ट्रिय कार्ययोजनामा सङ्क्रामक पशु रोगको निगरानी तथा सघन निगरानीको कार्ययोजना समेत समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय कार्ययोजना तयार गर्दा सङ्क्रामक पशु रोगको प्रकृति र रोग विशेषको आधारमा अलग अलग हुनेगरी तयार गर्न सकिनेछ।

(४) यस दफाबमोजिम मन्त्रालयले तयार गरेको सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजनाको जानकारी प्रचलित कानूनबमोजिम स्थापना भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्लाई गराउनु पर्नेछ।

(५) विभागले उपदफा (१) बमोजिमको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन तालिका तथा प्रक्रिया तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको राष्ट्रिय कार्ययोजनाको आधारमा प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो कार्ययोजना बनाई सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी प्रतिकार्य गर्नु पर्नेछ।

९. **<u>विवरण पठाउनु पर्ने</u>** : (१) स्थानीय तहको पशु सेवासँग सम्बन्धित शाखा वा महाशाखाले प्रत्येक तीन महिनामा तोकिए बमोजिमको ढाँचामा आफ्नो क्षेत्रमा देखा परेका सङ्क्रामक पशु रोगको विवरण प्रदेश मन्त्रालय र विभागमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकको सङ्क्रामक पशु रोगको सम्बन्धमा स्थानीय तहको पशु सेवासम्बन्धी शाखा वा महाशाखा र कार्यालयले विभागलाई तोकिए बमोजिमको ढाँचामा मासिक रूपमा शून्य रिपोर्टिङ् गर्नु पर्नेछ।

(३) विभागले उपदफा (१) र (२) बमोजिम प्राप्त हुने विवरण र रिपोर्टिङ्को विश्लेषण गरी सङ्क्रामक पशु रोगको विवरण अद्यावधिक गर्ने र सो को आधारमा सङ्क्रामक पशु रोगको पुर्वानुमान प्रणाली विकास गरी लागु गर्नेछ।

(४) विभागले उपदफा (३) बमोजिम सङ्कलित विवरण र त्यसको विश्लेषण सहितको विवरण अद्यावधिक गरी वार्षिक वा आवश्यकताअनुसार जुन सुकै समयमा प्रकाशन गर्न सक्नेछ।

१०. **शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्नुपर्ने** : (१) आधिकारीक निकायले आफ्नो क्षेत्रमा सङ्क्रामक पशु रोगको सम्बन्धमा निरन्तर निगरानी गर्नु गराउनु पर्नेछ।

(२) महामारीजन्य सङ्क्रामक पशु रोगको सम्भावित सङ्क्रमणको फैलावट रोक्नको लागि शङ्कास्पद सङ्क्रामक वस्तु, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री अलग्गै राख्नुपर्ने अवस्था भएमा रोग नियन्त्रण अधिकारीले त्यस्तो वस्तु अन्य पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीसँग नमिसिने गरी अवधि तोकी अलग्गै राख्न आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिपछि पनि शङ्कास्पद सङ्क्रामक वस्तु अलग्गै राख्नुपर्ने अवस्था भएमा रोग नियन्त्रण अधिकारीले अवधि थप गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम रोग नियन्त्रण अधिकारीले आदेश दिएकोमा त्यस्तो वस्तु, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री अन्य पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको धनीले सो अवधिभर अन्य सामग्रीसँग नमिसिने गरी अलग्गै राख्नु निजको कर्तव्य हुनेछ।

(५) उपदफा (२) बमोजिम अलग्गै राखिएका शङ्कास्पद सङ्क्रामक पशुको उपचारका लागि रोग नियन्त्रण अधिकारीले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

(६) उपदफा (२) बमोजिम अलग्गै राखिएका शङ्कास्पद सङ्क्रामक वस्तु, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री रोग नियन्त्रण अधिकारीले तोकेको अवधिभर अन्यत्र स्थानान्तरण गर्न वा हटाउन पाइनेछैन।

११. **पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्नसक्ने** : (१) स्थानीय तहको कुनै स्थानमा सङ्क्रामक पशु रोग लागेको पुष्टि भएमा त्यस्तो रोगको सर्ने वा फैलने दर, बिमारी हुने तथा मृत्यु हुने दर उच्च रहेको र आर्थिक तथा मानवीय रूपमा गम्भीर क्षति हुने अवस्था समेतलाई विचार गरी प्रचलित कानूनबमोजिम गठित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले त्यस्तो क्षेत्र वा स्थानलाई सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्क्रमित क्षेत्र घोषणा गर्न सिफारिस प्राप्त भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले अवधि तोकी सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्लाका एक भन्दा बढी स्थानीय तहमा सङ्क्रामक पशु रोग फैलिएको र त्यस्तो रोगको सर्ने वा फैलने दर, बिमारी हुने तथा मृत्यु हुने दर उच्च रहेको र आर्थिक तथा मानवीय रूपमा गम्भीर क्षति हुने अवस्था भएमा कार्यालय वा प्रचलित कानूनबमोजिम गठित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले जिल्लाभित्रको कुनै वा सबै क्षेत्रलाई अवधि तोकी सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय महामारीको रूपमा सङ्क्रामक पशु रोग फैलिएमा वा सङ्क्रामक पशु रोग एक भन्दा बढी प्रदेशमा महामारीको रूपमा फैलिई राष्ट्रिय रूपमा महामारीको रूप लिनसक्ने र त्यसले आर्थिक तथा मानवीय रूपमा गम्भीर क्षति हुने अवस्था

भएमा मन्त्रालयले त्यस्तो रोग फैलिएको क्षेत्रलाई अवधि तोकी सङ्क्रामक पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सक्नेछ।

(५) उपदफा (२), (३) वा (४) बमोजिमको अवधिभित्र सङ्क्रामक पशु रोग नियन्त्रण हुन नसकेमा पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गर्ने अधिकारी वा निकायले सङ्क्रमित क्षेत्र घोषणाको अवधि बढाउन सक्नेछ।

(६) यस दफाबमोजिम सङ्क्रमित क्षेत्र घोषणा गरेको वा त्यसको अवधि बढाएको सूचना त्यस्तो घोषणा गर्ने अधिकारी वा निकायले सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारणसमेत गर्नु, गराउनु पर्नेछ।

(७) उपदफा (२), (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्क्रामक पशु रोग नियन्त्रणमा आएमा सङ्क्रमित क्षेत्र घोषणा गर्ने अधिकारी वा निकायले त्यस्तो घोषणा जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

१२. **सघन निगरानी क्षेत्र घोषणा गर्ने** : (१) आधिकारिक निकायले सङ्क्रामक पशु रोग, सङ्क्रमित पशु, पशु जन्य पदार्थ, पशु उत्पादन सामग्री वा शङ्कास्पद सङ्क्रामक वस्तुको नमुना सङ्कलन गरिएको स्थानलाई केन्द्रविन्दु मानी अवधि तोकी सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजनाबमोजिम सघन निगरानी क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सघन निगरानी क्षेत्र घोषणा गरिएकोमा अधिकार प्राप्त अधिकारीले त्यस्तो क्षेत्रमा सङ्क्रामक पशु रोग नियन्त्रण राष्ट्रिय कार्ययोजना बमोजिमका सघन निगरानीका कार्य गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सघन निगरानी क्षेत्र घोषणाको अवधि बढाउन आवश्यक भएमा आधिकारिक निकायले कारण खुलाई अवधि बढाउन सक्नेछ।

१३. **महामारी प्रभावित क्षेत्र घोषणा गर्नसक्ने** : (१) नेपालको कुनै स्थानमा महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रण बाहिर गई पशु तथा जनधनमा व्यापक क्षति हुने गम्भीर अवस्था परी विपद्को रूप लिनसक्ने अवस्था भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो क्षेत्रको चार किल्ला खुलाई घोषणा लागु हुने अवधि तोकी सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र महामारीजन्य सङ्क्रामक पशु रोगको महामारीको अवस्था नियन्त्रण हुन नसकेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो घोषणाको अवधि बढाउन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा गरिएको सूचना राष्ट्रियस्तरको सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण समेत गर्नु गराउनु पर्नेछ।

(४) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको अवस्था नरहेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै बखत त्यस्तो घोषणा फिर्ता लिन सक्नेछ।

१४. **प्रतिबन्ध लगाउनसक्ने** : (१) दफा ११ बमोजिम कुनै स्थान वा क्षेत्रलाई पशु रोग सङ्क्रमित क्षेत्र घोषणा गरेपछि प्रमुख जिल्ला अधिकारीले सङ्क्रामक पशु रोग अन्य क्षेत्रमा फैलन नदिको लागि घोषणा कायम रहेसम्म त्यस्तो क्षेत्रमा सङ्क्रामक रोग लाग्ने वा फैलने गरी पशु पालन गर्न, पशु हाटबजार, पशु प्रदर्शनी, पशु मेला, पशु स्वास्थ्य शिविर सञ्चालन गर्न, सामुदायिक चरन क्षेत्र, पानीको स्रोत वा सार्वजनिक स्थानमा छाड्न, लैजान वा बिक्रिवितरण गर्न वा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको ओसारपसार गर्न नपाउने वा जाँच वा परीक्षण गरी निःसङ्क्रमण गरेपछि मात्रै त्यस्तो वस्तु वा पदार्थ ओसार पसार गर्न पाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफाबमोजिम प्रतिबन्ध लगाइएका सङ्क्रमित पशु बाहेक अन्य पशुलाई उपचारका लागि नजिकको पशु स्वास्थ्य सेवा प्रदायक निकायमा लैजान बाधा पर्नेछैन।

१५. **आदेश जारी गर्नसक्ने** : (१) यस ऐनबमोजिम पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको अवस्थामा त्यस्तो रोगको सङ्क्रमण फैलन नदिन तथा रोकथाम गर्नको लागि घोषणाको अवधिमा पालना गर्नु पर्ने विषयहरू र गर्नुपर्ने काम समेतका विषयमा कार्यालयको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

१६. **पशु रोग नियन्त्रण चेकपोष्ट स्थापना गर्नसक्ने** : (१) सङ्क्रामक पशु रोगले महामारी रूप लिनसक्ने अवस्था देखिएमा र त्यसको नियन्त्रणको लागि प्रचलित कानूनबमोजिम स्थापना भएका पशु क्वारेन्टिन चेकपोष्ट पर्याप्त नभएमा कार्यालयको सिफारिसमा प्रदेश मन्त्रालयले पशु रोग नियन्त्रण अस्थायी चेकपोष्ट स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक भन्दा बढी प्रदेशमा सङ्क्रामक पशु रोगले महामारीको रूप लिनसक्ने देखिएमा नेपाल सरकारले पशु रोग नियन्त्रण अस्थायी चेकपोष्ट स्थापना गर्न सक्नेछ।

१७. **संक्रामक पशु रोग नियन्त्रण सम्बन्धी कामको जिम्मेवारी** : (१) स्थानीय स्तरमा देखा परेको सङ्क्रामक पशु रोग नियन्त्रणको काम सम्बन्धित स्थानीय तहले, प्रदेशस्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रणको काम सम्बन्धित प्रदेश सरकारले र अन्तरप्रदेश वा राष्ट्रिय स्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रणको काम विभागले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रण कार्यमा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई आवश्यक जनशक्ति तथा स्रोत साधन उपलब्ध गराई सहयोग गर्नु पर्नेछ।

(४) अन्तरप्रदेश तथा राष्ट्रियस्तरमा फैलिएको सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्य गर्दा विभागले प्रदेश मन्त्रालय र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा गर्नु पर्नेछ।

(५) सङ्क्रामक पशु रोगको नियन्त्रण कार्य मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय र स्थानीय तह बिचमा सहयोग, समन्वय र सहकार्यको माध्यमबाट सञ्चालन गरिनेछ।

१८. **निःसङ्क्रमण वा नष्ट गर्ने** : (१) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तुको जाँचबुझ गर्दा महामारीजन्य सङ्क्रामक पशु रोग लागेको पाइएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु मानवीय तवरले नष्ट गर्न, तह लगाउन वा उपचार गर्न र निःसङ्क्रमण तथा सरसफाइ गरी सुरक्षित रूपमा व्यवस्थापन गर्न लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित पशुधनीले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तुको नष्ट वा व्यवस्थापन नगरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु हटाउन वा नष्ट गर्न सक्नेछ।

(३) महामारीजन्य सङ्क्रामक पशु रोग लागेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु ढुवानीमा प्रयोग भएको ढुवानीको साधन, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निःसङ्क्रमण गरी प्रयोग गर्न मिल्ने भएमा निःसङ्क्रमण गर्ने पदार्थ र विधिद्वारा निःसङ्क्रमण गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अधिकारी प्राप्त अधिकारीले वस्तु नष्ट वा व्यवस्थापन गर्न लागेको खर्च त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तुको धनीबाट र उपदफा (३) बमोजिम निःसङ्क्रमण गर्दा लाग्ने सम्पूर्ण खर्च त्यस्तो साधन, पदार्थ वा सामग्रीको सम्बन्धित धनीले व्यहोर्नु पर्नेछ।

(५) सङ्क्रमित क्षेत्र भएर आवतजावत गर्ने पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री ओसारपसार सम्बन्धी कार्यमा प्रयोग भएको सवारी साधनलाई पशु रोग नियन्त्रण चेकपोष्टमा निःसङ्क्रमण गरेर मात्र आवतजावत गर्न दिइनेछ।

(६) यसदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महामारी प्रभावित क्षेत्र घोषणा भएको अवस्थामा महामारीजन्य सङ्क्रामक पशु रोग लागेको पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्ने, तह लगाउने, निःसङ्क्रमण गर्ने तथा त्यसको खर्च व्यहोर्ने सम्बन्धमा त्यस्तो घोषणामा व्यवस्था भएबमोजिम हुनेछ।

१९. **नष्ट गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि :** (१) यस ऐनबमोजिम मृत पशु व्यवस्थापन वा पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्दा अवलम्बन गर्नु पर्ने कार्यविधि समितिको सिफारिसमा विभागले निर्धारण गरेबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यविधि बनाउँदा आवश्यकता अनुसार सङ्क्रामक पशु रोगको प्रकृति, नष्ट गरिने पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री र शङ्कास्पद सङ्क्रामक वस्तु अनुसार फरक फरक प्रकिया निर्धारण गर्न सकिनेछ।

२०. **मृत पशु र शङ्कास्पद वस्तुको व्यवस्थापन** : (१) महामारीजन्य सङ्क्रामक पशु रोग लागि मरेका मृत पशु वा अन्य शङ्कास्पद सङ्क्रामक वस्तुको व्यवस्थापन सम्बन्धित पशु धनीले स्थानीय तहको समन्वयमा गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सङ्क्रामक पशु रोगबाट मरेका पशु वा अन्य शङ्कास्पद सङ्क्रामक वस्तुको व्यवस्थापन त्यस्तो पशु वा वस्तु धनीले उचित तवरले गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सङ्क्रामक पशु रोगबाट मरेका पशु तथा रोग पहिचान भएको भए त्यसको जानकारी सम्बन्धित धनीले स्थानीय तहको वडा कार्यालय वा कार्यपालिकाको कार्यालयलाई दिनु पर्नेछ।

२१. **शव परीक्षण (पोष्टमार्टम) गर्ने** : (१) अधिकार प्राप्त अधिकारीले सङ्क्रामक पशु रोगको कारणबाट मरेका पशुको मृत्युको कारण पत्ता लगाउन दर्तावाल पशु चिकित्सकबाट शव परीक्षण (पोष्टमार्टम) गराउन सक्नेछ।

(२) पशु रोगको अन्वेषण गर्ने प्रयोजनको लागि कुनै पशुलाई मारी शव परीक्षण (पोष्टमार्टम) गर्नुपर्ने भएमा त्यस्तो पशुलाई पीडारहित तरिकाले मृत्युवरण गराई पोष्टमार्टम गर्न सकिनेछ।

(३) उपदफा (१) र (२)बमोजिम शव परीक्षण (पोष्टमार्टम) गर्ने पशु चिकित्सकले तोकिएबमोजिमको ढाँचामा सोको प्रतिवेदन शव परीक्षण (पोष्टमार्टम) गराउने व्यक्ति, संस्था वा निकायलाई दिनु पर्नेछ।

(४) यस दफाको व्यवस्थाले सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेका मत्स्य विकास अधिकृतले माछाको चिरफार गरी सोको प्रतिवेदन दिन बाधा पारेको मानिनेछैन।

२२. **खोप सम्बन्धी व्यवस्था** : (१) विभागले खोपको असर र प्रभावकारितालाई समेत विचार गरी सङ्क्रामक पशु रोग नियन्त्रणको लागि लगाउन सकिने खोपको नामावली सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका खोप पशुमा लगाउने व्यवस्था स्थानीय तहले मिलाउनु पर्नेछ।

(३) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि खोप लगाउन आवश्यक पर्ने आर्थिक तथा प्राविधिक स्रोत तथा साधन स्थानीय तहमा नभएमा वा भए पनि नपुग हुने भएमा त्यस्तो स्थानीय तहको अनुरोधमा नेपाल सरकार वा प्रदेश सरकारले त्यस्तो स्रोत, साधन वा खोप उपलब्ध गराउन सक्नेछ।

२३. **रोग मुक्त क्षेत्र घोषणा गर्नसक्ने** : (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कुनै स्थान, क्षेत्र वा फार्मलाई रोग मुक्त क्षेत्र ( जोन वा कम्पार्टमेन्ट) को रूपमा घोषणा गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "रोग मुक्त क्षेत्र" भन्नाले रोग विशेष नभएको वा सङ्क्रमित क्षेत्र घोषणा भई रोग नियन्त्रण पश्चात रोगमुक्त प्रमाणित भएको स्थान वा भौगोलिक क्षेत्र सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिमको जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी व्यवस्था विश्व पशु स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार हुनेछ।

२४. **प्रदेश तथा स्थानीय कानूनबमोजिम हुने** : प्रदेश सरकार र स्थानीय तहबाट हुने सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्य सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहको कानूनबमोजिम हुनेछ।

## परिच्छेद-३
## समन्वय समिति तथा रेपिड रेस्पोन्स टोलीको गठन तथा काम,कर्तव्य र अधिकार

२५. **समन्वय समितिको गठन** : (१) सङ्क्रामक पशु रोग नियन्त्रणका लागि प्राविधिक पृष्ठपोषण तथा नियन्त्रण कार्यमा समन्वय, सहकार्य र सहजीकरण गर्न विभागमा देहायबमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) महानिर्देशक, विभाग -संयोजक

(ख) महानिर्देशक, औषधी व्यवस्था विभाग -सदस्य

(ग) कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -सदस्य

(घ) उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग -सदस्य

(ङ) निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य सेवा विभाग -सदस्य

(च) निर्देशक, पशु तथा मत्स्य अनुसन्धान नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(छ) प्रतिनिधि, नेपाल पशु चिकित्सा परिषद् -सदस्य

(ज) प्रतिनिधि, नेपाल पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् -सदस्य

(झ) प्रमुख, केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला -सदस्य

(ञ) समितिको संयोजकले तोकेको विभागको उपमहानिर्देशक -सदस्य सचिव

(२) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकताअनुसार बस्नेछ।

(३) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठकको निर्णय समितिको संयोजक र सदस्य सचिवबाट प्रमाणित गरी राखिनेछ।

(५) समितको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

२६. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रण, निवारण वा उन्मूलन सम्बन्धी प्राविधिक कार्ययोजना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने,

(ख) सङ्क्रामक पशु रोग नियन्त्रण गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने,

(ग) सङ्क्रामक पशु रोग विरुद्धको खोप अनुमति, खोप आपूर्ति र खोप वितरण सम्बन्धी कार्ययोजना तयार गरी गराई स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने,

(घ) सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने जनशक्ति तथा स्रोत साधनको समुचित परिचालन गर्ने गराउने,

(ङ) सङ्क्रामक पशु रोग फैलन नदिन पशुको ओसारपसार तथा ढुवानीमा विद्युतीय रूपमा प्रमाणीकरण प्रणालीको कार्यान्वयन गर्ने गराउने।

२७. **भेटेरिनरी द्रुत प्रतिकार्य (रेपिड रेस्पोन्स) टोलीको व्यवस्था** : (१) विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहले सङ्क्रामक पशु रोगको रोकथाम तथा नियन्त्रणको कार्यमा तत्काल परिचालन हुनसक्ने गरी भेटेरिनरी द्रुत प्रतिकार्य (रेपिड रेस्पोन्स) टोली तयार गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विभागमा रहने भेटेरिनरी द्रुत प्रतिकार्य (रेपिड रेस्पोन्स) टोलीमा विभागको महानिर्देशकले तोकेको उपमहानिर्देशक, प्रदेश मन्त्रालयमा रहने भेटेरिनरी द्रुत प्रतिकार्य (रेपिड रेस्पोन्स) टोलीमा प्रदेश मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख र स्थानीय तहमा रोग नियन्त्रण अधिकारीको संयोजकत्वमा त्यस्तो निकायले तोकेका पशु चिकित्सक तथा अन्य आवश्यक कर्मचारी सदस्य रहनेछन्।

(३) उपदफा (१) बमोजिमको भेटेरिनरी द्रुत प्रतिकार्य टोलीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सङ्क्रामक पशु रोगबारे छापा, श्रव्य वा दृश्य लगायतका सञ्चारका विभिन्न माध्यममा प्रकाशित वा अन्य जुनसुकै माध्यमबाट प्राप्त सूचनाको आधारमा अध्ययन विश्लेषण गरी सङ्क्रमण वा महामारी रोग भए नभएको यकिन गर्ने,

(ख) सङ्क्रामक पशु रोगको शङ्का भएको क्षेत्रमा पुगी त्यस्तो रोगको विस्तृत विवरण तयार गर्ने र रोगको प्रकृति अनुसार आवश्यक अध्ययन गर्ने,

(ग) अध्ययनको नतिजाको आधारमा रोग नियन्त्रणका अल्पकालीन उपायहरूबारे सिफारिस गर्ने,

(घ) स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा रोगको निदान, उपचार र नियन्त्रण गर्न आवश्यक कार्यहरू गर्ने, र

(ङ) सङ्क्रामक पशु रोगको प्रकोप वा महामारीजन्य सङ्क्रामक पशु रोगको नियन्त्रण पश्चात विस्तृत प्रतिवेदन तयार गर्ने र विभागमा पठाउने।

## परिच्छेद-४
## राहत तथा सुबिधा सम्बन्धी व्यवस्था

२८. **राहत प्रदान गर्नसकिने** : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने सिलसिलामा आधिकारिक निकायको आदेशबमोजिम कुनै पशु, शङ्कास्पद सङ्क्रामक वस्तु वा पशुजन्य पदार्थ नष्ट गरिएकोमा त्यस्तो पशु, वस्तु वा पदार्थको धनीलाई नेपाल सरकारले स्वीकृत गरेको मापदण्डको आधारमा राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा राहत उपलब्ध गराइनेछैन :-

(क) पशु स्वास्थ्य प्रमाणपत्र बिना ओसारपसार वा पैठारी गरिएको शङ्कास्पद पशु र पशुजन्य पदार्थ नष्ट गर्नु परेमा,

(ख) छाडा वा बेवारिसे अवस्थामा फेला परेका पशु वा शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट गर्नु परेमा, वा

(ग) नष्ट गरिएका पशु वा पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्रीको बीमा गरिएकोमा उक्त बीमाबाट क्षतिपूर्ति प्राप्त हुने भएमा।

(३) उपदफा (१)बमोजिम राहत प्रदान गर्ने कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन विभागले एकीकृत राहत सूचना प्रणालीको विकास गर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको राहत उपलब्ध गराएको विवरण राहत उपलब्ध गराएको दिनमा सम्बन्धित निकायले एकीकृत राहत सूचना प्रणालीमा प्रविष्टि गर्नु गराउनु पर्नेछ।

२९. **प्रोत्साहन सुविधा तथा उपचार** : (१) यस ऐनबमोजिम पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको अवस्थामा त्यस्तो रोग नियन्त्रणको कार्यमा त्यस्तो क्षेत्रमा खटाइएका कर्मचारी वा व्यक्तिलाई प्रोत्साहनको लागि नेपाल सरकारले निर्धारण गरेबमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ।

(२) महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रणको कार्यमा खटाइने कर्मचारी वा व्यक्तिलाई आवश्यक पर्ने सुरक्षा साधन त्यसरी खटाउने निकायले उपलब्ध गराउनु पर्नेछ।

(३) महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रणको कार्यमा खटाइएका कर्मचारी वा व्यक्तिलाई सो रोगको सङ्क्रमण भएको पुष्टि भएमा त्यसको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च त्यसरी खटाउने निकायले उपलब्ध गराउनेछ।

(४) महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रणको कार्यमा खटाइएका कर्मचारी वा व्यक्तिलाई सो रोगको सङ्क्रमण भई उपचार गराउँदासमेत निको नभई मृत्यु भएमा निजको परिवारलाई खटाउने निकायबाट राहत उपलब्ध गराईनेछ।

## परिच्छेद-५

## कसूर र सजाय सम्बन्धी व्यवस्था

३०. **कसुर र सजाय** : (१) कसैले देहायको कुनै कार्य गरेमा कसुर गरेको मानिनेछ :-

(क) सङ्क्रामक पशु रोग सम्बन्धी सूचना जानी जानी लुकाएमा,

(ख) यस ऐनबमोजिम गरिने नमुना सङ्कलन वा परीक्षण, निगरानी वा सघन निगरानीको काममा बाधा अवरोध गरेमा,

(ग) दफा १० को उपदफा (४) बमोजिम रोग नियन्त्रण अधिकारीले दिएको आदेशको पालना नगरेमा वा सो आदेशबमोजिम अलग्गै राखिएका शङ्कास्पद सङ्क्रामक वस्तु, पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सोही दफाको उपदफा (६) विपरीत अन्यत्र स्थानान्तरण गरेमा वा हटाएमा,

(घ) दफा १४ बमोजिम प्रमुख जिल्ला अधिकारीले लगाएको प्रतिबन्ध विपरीत कार्य गरेमा,

(ङ) दफा १५ बमोजिम प्रमुख जिल्ला अधिकारीले जारी गरेको आदेश उल्लङ्घन गरेमा,

(च) दफा १८ बमोजिम पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, शङ्कास्पद सङ्क्रामक वस्तु र ढुवानीका साधनको सरसफाइ, निःसङ्क्रमण वा संक्रमित पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री, शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट नगरेमा वा अमानवीय तवरले नष्ट गरेमा,

(छ) खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा लेखिए बाहेक यस ऐन विपरीत अन्य कुनै कार्य गरेमा।

(२) देहायको कसूरमा देहायबमोजिम सजाय हुनेछः-

(क) उपदफा (१) को खण्ड (क), (ख), (ङ) वा (छ) बमोजिमको कसुर गरेमा दश हजार रूपैयाँसम्म जरिवाना,

(ख) उपदफा (१) को खण्ड (ग), (घ) वा (च) बमोजिमको कसुर गरेमा पचास हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय।

३१. **मुद्दाको अनुसन्धान र दायरी** : (१) यस ऐनबमोजिमको सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान कार्यालयको अधिकृतस्तरको कर्मचारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान र तहकिकातको काम पूरा भएपछि अनुसन्धान अधिकृतले सरकारी वकिलको निर्णयबमोजिम मुद्दा चलाउनुपर्ने भएमा मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गर्नेछ।

३२. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ।

३३. **मुद्दा हेर्ने अधिकारी र पुनरावेदन** : (१) यस ऐनबमोजिम सजाय हुने मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयमा चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष पुनरावेदन गर्न सक्नेछ।

३४. **प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा नपर्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले यस ऐन विपरीत गरेको कुनै कार्यबाट अन्य कानूनको समेत उल्लङ्घन हुने भएमा प्रचलित कानूनबमोजिम मुद्दा चलाउन बाधा पर्नेछैन।

## परिच्छेद-६
## विविध

३५. **अधिकारप्राप्त अधिकारी** : नेपाल सरकारको हकमा विभागको महानिर्देशक, प्रदेश सरकारको हकमा प्रदेश मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा वा महाशाखाको प्रमुखले सङ्क्रामक पशु रोग तथा महामारीजन्य सङ्क्रामक पशु रोग नियन्त्रण तथा निगरानीको लागि अधिकार प्राप्त अधिकारीको रूपमा काम गर्नेछन्।

३६. **कारक तत्त्वको सञ्चिति, प्रयोग र नष्ट** : (१) प्रयोगशालाले नमुना परीक्षण गर्दा पहिचान गरेका सङ्क्रामक पशु रोगको कारक तत्त्व विभागले तोकेको मापदण्डबमोजिम सञ्चित गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्त्वका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्न सकिनेछ र विदेशस्थित प्रयोगशालामा पठाई थप परीक्षण तथा विश्लेषण गर्नु पर्ने भएमा मन्त्रालयको स्वीकृतिमा त्यस्तो प्रयोगशालामा पठाउन सकिनेछ।

(३) विभागले मन्त्रालयबाट अनुमति लिई उपदफा (१) बमोजिम सञ्चित गरिएको कारकतत्त्वको प्रयोग गरी स्वदेश वा विदेशस्थित प्रयोगशालामा जैविक पदार्थ उत्पादन गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम सञ्चित गर्नुपर्ने बाहेकका अन्य कारक तत्त्वलाई कुनै पनि माध्यमद्वारा अन्यत्र फैलन नसक्ने गरी विभागले तोकेको मापदण्डबमोजिम सुरक्षित तवरले नष्ट गर्नु पर्नेछ।

३७. **<u>सूचना प्रणालीको विकास गर्ने</u>** : (१) सङ्क्रामक पशु रोग तथा महामारीजन्य सङ्क्रामक पशु रोगको सूचना, प्रतिकार्य पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका निकाय वा कार्यालय बीच सूचना आदान प्रदान गर्न विभागले सङ्क्रामक पशु रोगजन्य एकीकृत सूचना प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउनेछ।

(२) मन्त्रालय वा विभागले उपदफा (१) बमोजिमको सूचना प्रणालीमा प्राप्त तथ्याङ्कको अध्ययन तथा विश्लेषण गरी सङ्क्रामक पशु रोग तथा महामारीजन्य सङ्क्रामक पशु रोगको पहिचान, निगरानी, सङ्क्रमणको रोकथाम र नियन्त्रणका लागि विद्युतीय विवरण (डिजिटल प्रोफाइल) तथा पूर्वानुमान प्रणालीको विकास गरी कार्यान्वयन गर्न सक्नेछ।

३८. **<u>सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने</u>** : सङ्क्रामक पशु रोग, त्यस्तो रोगको पहिचान, निदान, उपचार, रोकथाम, नियन्त्रण तथा उन्मुलनको लागि विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहले आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

३९. **<u>पीडा रहित मरण (युथेनेशिया)</u>** : सङ्क्रामक पशु रोग प्रमाणित भई उपचारविहीन भई पीडादायी अवस्थामा रहेका सङ्क्रमित पशुलाई नष्ट गर्नु पर्ने भएमा दर्तावाल पशु चिकित्सकले पीडारहित मरण (युथेनेशिया) को व्यवस्था गर्न सक्नेछ।

४०. **<u>पैठारीमा प्रतिबन्ध</u>** : मन्त्रालयले सङ्क्रामक पशु रोग प्रमाणित भएका देशबाट पशु, पशुजन्य पदार्थ, पशु उत्पादन सामग्री तथा रोग सार्न सक्ने अन्य वस्तुको पैठारीमा प्रतिबन्ध लगाउन आवश्यक देखेमा प्रचलित कानूनबमोजिम पैठारीमा प्रतिवन्ध लगाउन सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

४१. **<u>अधिकार प्रत्यायोजन</u>** : अधिकार प्राप्त अधिकारीले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४२. **<u>नियम बनाउने अधिकार</u>** : (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी नेपाल सरकारले देहायका विषयमा नियम बनाउन सक्नेछ :-

(क) शङ्कास्पद सङ्क्रामक वस्तुको निरीक्षण तथा नमुना सङ्कलन सम्बन्धी विषय,

(ख) पशु रोग सङ्क्रमित क्षेत्र घोषणा भएको वा सङ्क्रामक पशु रोग महामारी प्रभावित क्षेत्र घोषणा भएको क्षेत्रमा रोग नियन्त्रणका लागि गर्नुपर्ने चरणवद्ध क्रियाकलाप सम्बन्धी विषय,

(ग) सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी विषय,

(घ) मृत पशुको पोष्टमार्टम (शव परीक्षण) र शव व्यवस्थापन सम्बन्धी विषय,

(ङ) शङ्कास्पद सङ्क्रामक वस्तु नष्ट वा लिलाम सम्बन्धी विषय,

(च) पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री वा त्यस्तो पदार्थ वा सामाग्री राखिएको स्थान र ढुवानीका साधन निःसङ्क्रमण गर्ने सम्बन्धी विषय, र

(छ) सङ्क्रामक पशु रोगको खोप सम्बन्धी विषय।

४३. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनसक्ने अधिकारः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

४४. **अनूसूची हेरफेर वा थपघट गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनूसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

४५. **खारेजी र बचाउः** (१) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १५ र दफा २८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएका दफाबमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरिएको मानिने छ।

## अनुसूची

### (दफा (२) को खण्ड (न) सँग सम्बन्धित)

१. खोरेत
२. लम्पी स्किन रोग
३. अफ्रिकन स्वाइन फिवर
४. रेबिज
५. बर्ड फ्लु
६. पि.पि.आर.
७. क्लासिकल स्वाइन फिवर
८. गौँगोटि
९. ग्लान्डर्स
१०. इन्जुटिक अल्सेरेटिभ सिन्ड्रोम
११. इपिजुटिक हेमोपोयटिक नेक्रोसिस
१२. कोइ हर्पिस भाइरस
१३. वर्फ
१४. भ्यागुते
१५. व्रुसेलोसिस
१६. कन्टाजियस बोभाइन प्लुरो निमोनिया
१७. कन्टाजियस क्याप्राइन प्लुरो निमोनिया
१८. सिप एण्ड गोट पक्स
१९. बोभाइन भाइरल डायरिया
२०. केनाइन डिस्टेम्पर